# 'किडी जियाले कर्णालीमा फाल हालिन्' कथामा अभिघात

रामचन्द्र जोशी
एम.फिल. शोधार्थी
सुदूरपश्चिम विश्वविद्यालय, नेपाल

अध्ययनको सार
प्रस्तुत आलेख कथाकार महेशविक्रम शाहद्वारा लिखित 'किडी जियाले कर्णालीमा फाल हालिन्' कथामा अभिघातसँग सम्बन्धित छ । कथाकार स्वयम् समाख्याता रहेको प्रस्तुत कथामा प्रथम पुरुषात्मक र तृतीय पुरुषात्मक केन्द्रबिन्दुको संयोजन रहेको छ । कथामा सशस्त्र द्वन्द्वका कारण गाउँबाट विस्थापित भएर सदरमुकाममा बस्ने मानिसहरूको जीवनको यथार्थ प्रस्तुति छ । अभिघात सिद्धान्तका आधारमा कथाका पात्रहरू के कसरी अभिघातग्रस्त बनेका छन् भन्ने सन्दर्भहरूको खोजी, अध्ययन र विश्लेषण गर्ने कार्यमा यो लेख केन्द्रित छ । प्रस्तुत आलेखमा अभिघात सिद्धान्तसम्बन्धी अवधारणालाई सैद्धान्तिक पर्याधारका रूपमा उपयोग गरिएको छ । अध्ययनका लागि प्राथमिक स्रोतका रूपमा 'छापामारको छोरो' कथासङ्ग्रहलाई लिइएको छ । उक्त कृतिमा सङ्ग्रहित किडी जियाले कर्नालीमा फाल हालिन् शीर्षकको कथालाई पाठविश्लेषण विधिको अवलम्बन गर्दै अध्ययन गरी निष्कर्षमा पुगिएको छ । मूलतः यस आलेखमा प्रस्तुत कथाका पात्रहरू अभिघातित हुनाका विविध सन्दर्भहरूलाई अभिघात सिद्धान्तका आधारमा अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

*पारिभाषिक शब्दावली :* अभिघात, आविर्भाव, तारन्तार, व्याघात, सङ्घात

## विषय परिचय

*किडी जियाले कर्नालीमा फाल हालिन्* कथाका सर्जक महेशविक्रम शाह हुन् । वि.सं. २०२२ साल भदौ १५ गते अछाम जिल्लाको कालीमाटीमा जन्मेका कथाकार शाहले कथा, कविता, एकाङ्की आदि विधामा कलम चलाएका छन् । आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणका यथार्थवादी कथाकारका रूपमा कथाकार शाह परिचित छन् । उनका सटाहा (२०५३), सिपाहीकी स्वास्नी ( २०५९), अफ्रिकन अमिगो (२०६०), छापामारको छोरो (२०६३), काठमाडौँमा कामरेड (२०६५), ज्याक्सन हाइट (२०६९) र भुइँखाट (२०७४) गरी जम्मा सातओटा कथासङ्ग्रह प्रकाशित छन् । 'छापामारको छोरो' कथासङ्ग्रहमा सङ्ग्रहित द्वन्द्वकथा मध्ये *किडी जियाले कर्नालीमा फाल हालिन्* पनि एक उत्कृष्ट कथा हो ।

साहित्यका चार विधा (कविता, आख्यान, नाटक र निबन्ध) मध्ये आख्यान विधा अन्तर्गत पर्ने कथा विकसित विधा हो । प्राचीन कालदेखि संसारका लोकजीवनमा व्याप्त रहेको कथा सुरुमा लोककथा वा दन्त्यकथाका रूपमा प्रचलित थियो । लोकस्तरका यस्ता प्राचीन कथाहरूले आख्यानका रूपमा काव्य-महाकाव्य वा लोकगाथामा पनि प्रवेश पाएका हुन् । पूर्वीय तथा पाश्चात्य साहित्यमा यिनै लोकस्तरमा रहेका कथाहरूलाई पछिपछि लेख्यस्तरमा प्रस्तुत गर्न थालियो । लेख्य परम्परामा स्थापित हुनुपूर्व कथा साहित्य विभिन्न रूपमा प्रचलनमा थियो । दन्त्यकथा, लोककथा, लोकगाथा आदि भन्ने र सुन्ने परम्पराबाट पुस्तान्तरित हुँदै कथा साहित्य लेख्य परम्परासम्म आएको हो । प्रारम्भिक कालमा उपदेश, शिक्षा, नैतिक सन्देश दिने एउटा आधार र मनोरञ्जनको साधनका रूपमा कथालाई लिने गरिन्थ्यो भने वर्तमान समयमा जीवन र जगत्को कुनै एकपक्षीय अनुभूतिसँग तादात्म्य सम्बन्ध स्थापित गर्ने सिर्जनाका रूपमा कथालाई लिइन्छ ।

साहित्यिक कृतिको अध्ययन गर्ने क्रममा समयानुकूल विभिन्न सिद्धान्त वा पद्धतिहरू प्रवर्तन भई प्रयोगमा आइरहेका छन् । यिनै सिद्धान्तका विविध प्रयोगात्मक पद्धतिहरूमध्ये अभिघात सिद्धान्त

पनि एक हो । नेपाली शब्दकोशमा अभिघात शब्दको अर्थ १. काटमार, प्रहार २. कसैप्रतिको आक्रमण, हमला ३. व्यापारिक प्रतिष्ठा ४. अतिप्रेरणा, ज्यादै फिभ्याहट, ५. अति, अत्यन्त, ज्यादा ६. धेरै, अति भन्ने दिइएको छ (नेपाली बृहत् शब्दकोश, २०५५, पृ. ६५) ।

प्रस्तुत अध्ययनमा *किडी जियाले कर्णालीमा फाल हालिन्*शीर्षकको कथालाई अभिघात सिद्धान्तका आधारमा अध्ययन गरिएको छ । कथाका पात्रहरू के कसरी अभिघातग्रस्त भएका छन् भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित रहेर तथ्य सङ्कलन गरी तिनको विश्लेषण यस आलेखमा समेटिएको छ । प्रस्तुत अध्ययन अभिघात सिद्धान्तसँग सम्बन्धित रहेकाले अभिघात सिद्धान्तसँग सम्बन्धित पूर्व अध्ययनहरू, पाठ्यसामग्री, पुस्तकालीय कार्य,अनलाइनका सहयोगबाट सामग्रीहरू सङ्कलन गरिएको छ । अध्ययनीय कथामा पात्रहरू अभिघातित हुनुका कारण खोजी तिनीहरूको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

## अध्ययनको समस्या

प्रस्तुत आलेख *किडी जियाले कर्णालीमा फाल हालिन्* कथामा अभिघात विषयमा केन्द्रित छ । महेशविक्रम शाहका विभिन्न कथाहरूको विभिन्न किसिमले अध्ययन गरिएको भए पनि अभिघात सिद्धान्तका आधारमा अध्ययन भएको पाइँदैन । यसै रिक्तताको परिपूर्तिका लागि यो अध्ययन गरिएको हो । कथाका पात्रहरू के कसरी अभिघातग्रस्त बनेका छन् भन्ने जिज्ञासा नै यस अध्ययनको मुख्य प्राज्ञिक समस्या हो । यसै शोध्य प्रश्नमा केन्द्रित रहेर प्रस्तुत अध्ययन गरिएको छ ।

## अध्ययनको उद्देश्य

अभिघात सिद्धान्तका आधारमा *किडी जियाले कर्णालीमा फाल हालिन्* कथाको विधिसम्मत् ढङ्गले अनुसन्धान गर्नु नै प्रस्तुत अध्ययनको मुख्य उद्देश्य हो । शोध्य प्रश्नलाई अध्ययनको समस्या बनाई त्यसमा केन्द्रित हुँदैसमस्या समाधान गर्नु यस अध्ययनको मूल पक्ष हो । कथामा पात्रहरू अभिघातित हुनाका सन्दर्भहरूको पहिचान गरी विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो ।

## अध्ययनको औचित्य

महेशविक्रम शाह आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणका यथार्थवादी कथाकार हुन् । सातओटा कथासङ्ग्रह प्रकाशन गरी नेपाली कथा साहित्यमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल कथाकार शाहको 'छापामारको छोरो' कथासङ्ग्रह २०६३ सालको मदन पुरस्कार विजेता कृति हो । वि.सं. २०७६ सालमा प्रहरी सेवाबाट निवृत्त शाहले सेवारत समयमै प्रकाशन गरेको यस कृतिमा प्रत्यक्ष रूपमा देखेभोगेका द्वन्द्वका अनुभूतिलाई कथात्मक बान्की दिँदा कथाका विषय यथार्थपरक बन्न पुगेका छन् । 'छापामारको छोरो' कथासङ्ग्रहमा सङ्गृहीत *किडी जियाले कर्णालीमा फाल हालिन्* कथाको अभिघात सिद्धान्तका आधारमा अध्ययन नभएको (परिप्रेक्ष्यमा यस अध्ययनमा कथाका पात्रहरू अभिघातग्रस्त हुनाका कारणहरूको अध्ययन गरिएकाले यस अध्ययनको अनुसन्धानात्मक औचित्य छ । तसर्थ यस अध्ययनबाट *किडी जियाले कर्णालीमा फाल हालिन्* कथामा अभिघातसम्बन्धी जानकारी प्राप्त गर्न चाहने जिज्ञासु पाठक र अध्येताहरू लाभान्वित हुने भएकाले प्रस्तुत अध्ययनको औचित्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि सामग्री सङ्कलन, तिनको सम्पादन र व्यवस्थापनका लागि अँगालिएका विधि, छनोट गरिएका सामग्रीको विश्लेषणको सैद्धान्तिक आधार एवम् अर्थापनको ढाँचा निम्नानुसार रहेको छ -

### सामग्री सङ्कलन

प्रस्तुत अध्ययनको समस्यासँग सम्बन्धित सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यमा आधारित भएर गरिएको छ । यो अध्ययन वर्णनात्मक प्रकृतिको छ । यसका लागि प्राथमिक स्रोतको रूपमा 'छापामारको छोरो' कथासङ्ग्रह रहेको छ । द्वितीयक सामग्रीका रूपमा आधारभूत सैद्धान्तिक सामग्री, अनुसन्धानात्मक ग्रन्थ तथा लेख, अनलाइन अध्ययन सामग्रीलाई लिइएको छ । प्रस्तुत अध्ययनमा समस्या समाधानको लागि सामग्री सङ्कलन गरी तिनको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

द्वितीय विश्वयुद्धपछि साहित्यमा देखा परेका विभिन्न नवीन चिन्तनहरूमध्ये अभिघात चिन्तन पनि एक हो । प्रहार, धक्का, चोट, ठक्कर जस्ता अर्थबोध गर्ने 'घात' शब्दमा 'अभि' पूर्वसर्ग लागेर अभिघात शब्दको व्युत्पत्ति हुन्छ । अङ्ग्रेजीमा प्रचलित ट्रौमा (trauma) शब्दको रूपान्तरण नै अभिघात हो । अङ्ग्रेजीमा ट्रौमा थ्योरीले चिनिने अभिघात सिद्धान्तले युद्ध वा द्वन्द्वबाट उत्पन्न भएका शारीरिक तथा मानसिक विचलनका अनेक परिस्थितिलाई जनाउँछ (पोखेल, सन् २०१५, समकालीन साहित्य) । विभिन्न किसिमका आघात, सङ्घात वा व्याघातको पर्यायका रूपमा लिइने अभिघात चिन्तन समालोचनाका क्षेत्रमा अभिघात सिद्धान्तका नामले परिचित छ (सुवेदी, २०७६, पृ. १४१-१५३) । अभिघात सिद्धान्तबारे एटम (२०७४) भन्छन् - "भावनात्मक झट्का दिने र दीर्घकालीन मनोवैज्ञानिक असर पार्ने चरम कष्टप्रद शारीरिक अनुभव एवम् त्यसले जन्माएका अस्वाभाविक अवस्थाहरूको प्रस्तुतिलाई आधार बनाई साहित्यको मूल्याङ्कन गर्ने सिद्धान्त हो" (पृ. ३०) । साहित्यमा अभिघात शब्दले शारीरिक तथा मानसिक चोट अथवा आघातले पीडित पात्रले गरेका बयान र तिनैमा आधारित आख्यानलाई बुझाउँछ (क्षेत्री, २०७७, साहित्यपोष्ट) । मानिसमा व्यक्तिगत आचार, आन्तरिक अवस्था, पारिवारिक तनाव, प्रेम तथा आत्मीय सम्बन्धमा आविर्भाव भएको असङ्गत स्थिति, शारीरिक चोटपटक, बलात्कार जस्ता घटनाले व्यक्तिगत अभिघात र युद्धजन्य हिंसा, वैचारिक द्वन्द्व, धार्मिक आस्थामा परेको चोट आदि विविध कारणले राजनैतिक वा सांस्कृतिक अभिघातको स्थिति उत्पन्न हुन सक्छ (सुवेदी, २०७६, पृ. १४१-१५३) । यस सिद्धान्तको स्थापनामा डेमिनिक लाकाप्रा, केथी कारुथ, अविसायी मार्गलिट, सोसना फेलम्यान, जेफ्री हार्टम्यान, जेफ्री अलेक्जेन्डर, पौल डिम्यान, पिलिस मिलर, वीना दास लगायतका चिन्तकहरूको महत्त्वपूर्ण योगदान रहेको छ (क्षेत्री, २०७७, साहित्यपोष्ट) । अभिघात अन्तर्गत हिस्टेरिया, सम्मोहन, आत्मविस्मृति, निद्रा नलाग्ने, बहुलापन, यौन दुराचारीका शिकार, मनोरोगी जस्ता अनेकौं रोग पर्दछन् । अभिघात सिद्धान्तको स्थापना र अत्याधुनिक दृष्टिकोण निर्माणमा ज्याक डेरिडा र येल विश्वविद्यालयको ठूलो प्रयास रहेको छ भने यस सिद्धान्तको विकास गर्ने प्रमुख व्यक्ति जेफ्री हार्टम्यान हुन् । उन्नाइसौं शताब्दीमा नै मनोविज्ञानका क्षेत्रमा प्रवेश पाएको अभिघातको प्रयोग साहित्यमा फ्रायडपछिका मनोविश्लेषकहरूले गरेका हुन् (शर्मा, २०६६, पृ. ६३) ।

अभिघात सिद्धान्तका विषयमा न्यौपाने लेख्छन् -

> "विभिन्न किसिमका आवेग र उत्तेजना जस्ता मानसिक संवेगलाई नियन्त्रण गर्न नसक्दा उत्पन्न हुने आघात अभिघात हो ।अभिघातलाई व्यक्तिगत वा आन्तरिक र राजनीतिक वा

सांस्कृतिक गरी दुई रूपले वर्गीकरण गर्न सकिन्छ । अभिघात शारीरिक, मनोवैज्ञानिक र लैङ्गिक गरी तीन प्रकारको हुन्छ" (मातृभूमि न्यूजबाट) ।

समग्रमा अभिघात भनेको शारीरिक, मानसिक वा लैङ्गिक रूपमा विक्षिप्त पार्ने पीडादायी अनुभूति हो । युद्धजन्य घटना, मृत्यु, बिछोड, बलात्कार, विनाश, हरण, हानिजस्ता सङ्कटावस्थाले गर्दा उक्त सङ्कटको भोक्ता शारीरिक, मानसिक वा लैङ्गिक रूपले अभिघातित हुन्छ । अभिघात लक्षणका आधारमा यो दैहिक वा शारीरिक र मानसिक दुवै किसिमको हुने भए तापनि साहित्य र मनोविज्ञानका क्षेत्रमा मानसिक अभिघातलाई महत्त्व दिइएको हुन्छ ।

## अर्थापनको विधि र ढाँचा

प्रस्तुत अध्ययनमा मूलतः वर्णनात्मक र पाठकेन्द्री विश्लेषणात्मक विधिको उपयोग गरी *किडी जियाले कर्नालीमा फाल हालिन्* कथाको विश्लेषण गरिएको छ । कथाका पात्रहरू के कसरी अभिघातग्रस्त बनेका छन् भन्ने शोध्य प्रश्नसँग सम्बन्धित रहेर मुख्य पात्र, सहायक पात्र र अन्य पात्रहरूको अभिघातग्रस्त अवस्थाको अध्ययनलाई विश्लेषणको ढाँचाका रूपमा अवलम्बन गरी अध्ययन गरिएको छ ।

## सामग्री विश्लेषण

'छापामारको छोरो' कथासङ्ग्रहमा सङ्गृहीत *किडी जियाले कर्नालीमा फाल हालिन्* कथा मनोविश्लेषणमा आधारित द्वन्द्व कथा हो । यस कथामा केन्द्रीय पात्र किडी जिया हुन् । कथामा गृहयुद्धले गर्दा आफ्नो थातथलो छोडी सदरमुकाममा बस्नु परेको घटनाबाट किडी जियाले अभिघात खेपेको छ र त्यसैबाट विक्षिप्त भई उनले कर्नालीमा फाल हालेर आत्महत्या गरेको सन्दर्भ अभिघातको चरम अवस्था हो ।

कथामा किडी जियाका साथै म, किडी जियाको छोरा नरमान पनि महत्त्वपूर्ण पात्रका रूपमा देखा परेका छन् । यी बाहेक अन्य पात्रहरू गौण पात्रका रूपमा आएका छन् ।

प्रस्तुत कथामा अभिघातको प्रमुख भोक्ता किडी जिया हुन् । तसर्थ यस अध्ययनमा उनकै अभिघात मुख्य रूपमा प्रस्तुत गरिएको छ । अन्य पात्रहरूमा म पात्र र नरमानले पनि अभिघात बेहोर्नु परेको छ । किडी जियाकै अभिघात कथाको मुख्य विषय रहेकाले यस अध्ययनमा मुख्यतः किडी जिया र गौणतः म पात्रका साथै नरमानको अभिघातको विश्लेषण गरिएको छ ।

## किडी जियाको अभिघात अध्ययन

*किडी जियाले कर्नालीमा फाल हालिन्* कथाकी प्रमुख पात्र किडी जियाले बेहोरेको अभिघात घरेलु तथा व्यक्तिगत अभिघात नभई युद्धजन्य अभिघात हो । सशस्त्र द्वन्द्वका कारण गाउँबाट विस्थापित चरित्रका रूपमा किडी जिया देखिएकी छन् । दमित वासनाले युक्त अचेतनको प्रतिरक्षा गर्ने विभिन्न प्रक्रियामध्ये विस्थापन पनि एक हो (शर्मा, २०६६, पृ. ६४) । सशस्त्र द्वन्द्वका कारण गाउँमा बस्न नसकिने परिस्थिति सिर्जना भए पछि ज्यान बचाउनका लागि सदरमुकाममा बस्नु पनि विस्थापन हो । आफ्नै थातथलोमा बस्ने इच्छा किडी जियाको मनमा हुँदाहुँदै पनि समयले उनलाई ती इच्छाको प्रतिरक्षा गर्दै सदरमुकाममा शरण लिनु पर्ने अवस्था आएको छ । किडी जियालाई अभिघात परेको तथ्य जनाउने निम्नलिखित सन्दर्भहरूलाई यहाँ उल्लेख गरिएको छ :

> "......साँझपख मैले फापरको ढिँडो र गुन्द्रुकको झोल पकाएँ । थालमा पस्किएको ढिँडोमा हात डुबाउँदै जिया भक्कानो छोडेर रुन थालिन् ।"
>
> "........ किडी जिया हात डुबाएको डुबायै डाँको छोडिरहेकी थिइन् । उनको कारुणिक डाँकोमा आफ्नो गाउँघर चटक्क छोड्नुपरेको गहिरो पीडा थियो ।" ...... (शाह, २०७१, पृ. १२७)

गाउँबाट विस्थापित भए पछि सदरमुकाममा म पात्रको डेरामा आश्रय लिई बसेकी किडी जियालाई गाउँघर छोडेको पीडाले मानसिक आघात परेको छ। साँझपख खाना खाने बेलामा उनलाई आफूले पालेको गाई, बाखा र कहिल्यै उनको साथ नछोड्ने मार्के भोटे कुकुरको सम्झना आएको छ। आफ्ना सन्तानझैं माया गरी पालेका वस्तुभाउलाई यसरी बेसहारा छोडी आफू विस्थापित हुनुपरेको दुःख उनको मानसिक अभिघातका रूपमा देखिएको छ। उनमा परेको मानसिक अभिघातका लागि अर्को उदाहरण यहाँ प्रस्तुत गरिएको छ-

> "...... किडी जियाको बरबराहटले मेरो निद्रा खलबलिइरहेको थियो। अचेत बरबराहटमा उनी आफ्नो गाउँघर, पानीपँधेरो, खेतबारी, बनपाखा, कुलाकुलेसा र वस्तुभाउबारे बोलिरहेकी थिइन्।" (शाह, २०७१, पृ. १२७)
>
> ".....उनी आफ्नो छोरालाई अँगालो मारेर सुतिरहेकी थिइन्। उनी अहिले बरबराइरहेकी थिइनन् तर उनको जिउ भने एकनास काँपिरहेको थियो। .... आँखादेखि चिउँडोसम्म आँसुको गाढा खाटा बसेको थियो। .... उनी मानसिक रूपमै विक्षिप्त थिइन्।" (शाह, २०७१, पृ. १२९)

राति सुत्ने बेलामा पनि किडी जिया बराबराउने गर्नु मानसिक अभिघात हो। आफ्नो खेतबारी, गाउँघर, पानीपँधेरो, बनपाखा, कुलाकुलेसा, वस्तुभाउ आदिको सम्झना उनलाई विपनीमा मात्र नभई सपनीमा पनि आइरहेको छ। यसरी द्वन्द्वका कारण विस्थापित भएकी किडी जियालाई तारन्तार गाउँकै सम्झना आउनु उनमा परेको मानसिक अभिघात हो।

द्वन्द्वका कारण किडी जियामा परेको मानसिक आघातले उनको शारीरिक अवस्थामा पनि प्रभाव पारेको कुरा माथिका उदाहरणबाट प्रष्ट हुन्छ। सुतेको बेलामा पनि उनको शरीर काँप्ने गरेको, आँखादेखि चिउँडोसम्म आँसुको गाढा खाटा बसेको जस्ता सन्दर्भले उनलाई मानसिक मात्र नभई शारीरिक रूपमा पनि आघात पुगेको कुरा कथामा उल्लेख गरिएको छ। अर्को एउटा उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ -

> "......किडी जिया ढोकाको सँघारमै छोराको प्रतीक्षामा बसिरहेकी थिइन्। मलाई देख्नेबित्तिकै उनी स्वाँस्वाँ रुन थालिन्। उनले रुँदै विस्थापित भएर बस्नुपरेको पिरले छोराले रक्सी खान थालेको, आफूले भनेको कुरा नटेर्ने गरेको र यस शोकले आफू अब मर्न मात्र बाँकी रहेको कुरा बताइन्।" (शाह, २०७१, पृ. १३१)

गाउँबाट विस्थापित भएर सदरमुकाम पसेकी किडी जिया छोराले रक्सी सेवन गर्न थालेपछि झनै छिन्त्रिएकी छिन्। द्वन्द्वकै कारण गाउँ छोडी सदरमुकाम आएको र सोही पिरले छोराले रक्सी सेवन गर्ने, आफूले भनेको नटेर्ने गरेपछि अब आफ्नो मर्नु बाहेक विकल्प नरहेको कुरा बताउनुले उनमा मानसिक अभिघात परेको छ। उनमा परेको मानसिक आघातको अर्को उदाहरण यहाँ प्रस्तुत गरिएको छ -

> "......एकदिन आफ्नी जियालाई बिछ्यौनामै छोडेर नरमान सिमीकोटबाट पलायन भयो। ...... आफ्नो एक्लो छोरो विदेश पलायन भएपछि किडी जिया शोकले विह्वल बनेकी थिइन्। दिनरात छोराकै सम्झनामा उनी गल्न थालेकी थिइन्।"
>
> "एक्ली आमाकन छाडी तो काँ गई लाटा ?..... उनलाई अब आफ्नो गाउँघर र वस्तुभाउभन्दा पनि छोराको पिरले सताउन थालेको थियो।" (शाह, २०७१, पृ. १३१-१३२)

द्वन्द्वका कारण गाउँबाट विस्थापित भएर मानसिक अभिघात व्यहोरेकी किडी जियालाई छोरा नरमानले सुतेको बेलामा छोडेर विदेश पलायन हुँदा अर्को आघात परेको छ । छोराको यादमा किडी जिया क्षुब्ध बनेकी छिन् । उनलाई गाउँ छोडेको पीडाभन्दा छोरा विदेशिएको पीडाले ठूलो मानसिक अभिघात परेको छ । एकपछि अर्को आघात बेहोर्न विवश किडी जियालाई अर्को मानसिक अभिघात परेको प्रसङ्गका रूपमा तलको सन्दर्भलाई प्रस्तुत गरिएको छ -

> "....एक दिन उनको गाउँबाट चारपाँच जना युवाहरू मुगलान जाने भनी रातारात हिँडेर सिमीकोट आइपुगे । तिनीहरूले ल्याएको खबर किडी जियाका लागि विषादपूर्ण थियो । विद्रोहीहरूले उनको घर बमले उडाइदिएछन् । कब्जा गरेको खेत अर्कैलाई जोत्न दिएछन् । हलगोरु काटेर खाएछन् । उनको प्यारो घरको भग्नावशेष मात्र बाँकी रहेछ ।" (शाह, २०७१, पृ. १३२-१३३)

यस उदाहरणमा गाउँबाट विस्थापित भएर मुगलान जान आएका व्यक्तिहरूसँग गाउँको हालखबर बुझ्ने क्रममा युद्धरत पक्षले आफ्नो घर बमले उडाइदिएको, खेत अर्कैलाई जोत्न दिएको, हलगोरु काटेर खाएको जस्ता खबर सुन्दा किडी जिया थला परेकी छिन् । एकातिर गाउँको घर, बारी, वस्तुभाउको यस्तो अवस्था भएको छ भने अर्कोतिर एक्लो छोरो विदेशिएबाट किडी जिया नाजुक हुँदै गएकी छिन् । गाउँबाट विस्थापित हुनु, छोरो विदेसिनु र गाउँमा युद्धरत पक्षले घरमा बम बिस्फोट गरेर सखाप पार्नु, खेतबारी अर्कैलाई जोत्न दिनु, हलगोरु काटेर खानु जस्ता घटनाक्रमले किडी जियामाथि बज्रपात परेको छ । यी सबै प्रसङ्गले किडी जियाको मानसिक अभिघातलाई उत्कर्षमा पुऱ्याएको छ । विभिन्न आघातलाई सहन गर्न नसक्दा किडी जियामा परेको मानसिक आघातको चरम अवस्थालाई तलका साक्ष्यबाट प्रस्तुत गरिएको छ -

> "म कामको खोजीमा भौंतारिइरहेको थिएँ । साँझ पर्नपर्न लागेको थियो । चारपाँच जना युवाहरू, जो सिमीकोटमुनि बगिरहेको कर्नाली नदीमा बल्छी खेलेर माछा मारी फर्केका थिए, तिनीहरूले मलाई हतारिँदै सुनाए, "काका किडी जियाले त कर्नालीमा फाल हालिन् !" (शाह, २०७१, पृ. १३८)

गाउँबाट विस्थापित किडी जिया सदरमुकाममा बस्दा छोरो नरमान पनि विदेशिएको घटनाले विगलित हुँदै विक्षिप्त बन्न पुगेकी छिन् । सदरमुकाममा बस्दा मानसिक आघातका कारण थला परेकी, एक छाक टार्न मजदुरी समेत गर्न नसक्ने अवस्थामा पुगेपछि म पात्रकै डेरामा बसेकी किडी जिया मानसिक अभिघातलाई बेहोर्न नसकी कर्णाली नदीमा हाम फालेर सदाका लागि विलीन हुन पुगेको अवस्थाले मानसिक अभिघातकै उत्कर्षमा शारीरिक अभिघात समेत पर्न गएको प्रष्ट हुन्छ ।

किडी जियाको अभिघातका सन्दर्भमा भट्टराई (२०६३) भन्छन्- "सारा कष्टकी साक्षी किडी जिया जीवन धान्न अनेक प्रयत्न गर्छे तर निरुपाय भएर, असहाय बनेर, हजार हन्डरले ढुटिएर एक दिन कर्नालीमा हामफाल्छे ।" यसरी गाउँ फर्कने सपना साँचेर बसेकी किडी जिया गाउँबाट आउनेहरूलाई सधैं गाउँको हालखबर सोध्ने र हामी कहिले गाउँ फर्कन पाउँला है भनेर मनमा साँच्ने गरेकी भए पनि जीवनमा अनेकौं दुःख, कष्ट सहदै मजदुरी गरेर, गिट्टी फुटाएर, ढुङ्गा बोकेर, होटलमा भाँडा माझेर भए पनि जीवन धान्ने प्रयत्न गर्छिन् । यी सबै प्रयत्नहरूका बीच उनको जीवनमा एकपछि अर्को कष्ट थपिँदै जान्छ, जसले उनी अभिघातित बन्न पुग्छिन् र अन्त्यमा केही उपाय नदेखेपछि मानसिक अभिघातको चरम अवस्थामा कर्नालीमा फाल हाल्छिन् ।

**म पात्रको अभिघात अध्ययन**

*किडी जियाले कर्नालीमा फाल हालिन्* कथामा सहायक पात्रका रूपमा म पात्रको उपस्थिति रहेको छ । म पात्र पनि किडी जियाझैं द्वन्द्वका कारण गाउँबाट विस्थापित भएर सदरमुकाममा डेरा गरी बसेको छ । द्वन्द्वबाट विस्थापित भएर सदरमुकाम बसेपछि केही काम गर्नु पर्छ भन्ने सोच राखेको, किडी जियाका दुःखमा सदैव साथ दिँदै आएको, नरमानलाई सम्झाउन खोजेको जस्ता सत्कार्य गर्दै आएको म पात्रमा पनि द्वन्द्वका कारण मानसिक आघात परेको कुरा तलका प्रसङ्गबाट थाहा हुन्छ -

> "......मैले आफ्नो गाउँठाउँ जति भुल्न खोजे पनि भर्खर गाउँबाट लखेटिएर सदरमुकाम झरेकाहरूको मुखबाट गाउँको बेहाल स्थितिबारे सुन्दा मेरो पीडा जहिले पनि जहाँको तहीँ हुन्थ्यो । ...... न मलाई सदरमुकाममा स्वतन्त्र भएर बाँच्न दिएको थियो, न त बाआमाको आँसु पुछ्ने अवसर नै पाएको थिएँ । मारिने डरले म सधैं तनावग्रस्त भइरन्थेँ ।" (शाह, २०७१, पृ. १२९-१३०)

सदरमुकामका कामको खोजीमा लाग्दा गाउँलाई बिर्सन खोजेपनि आफूजस्तै द्वन्द्वपीडितहरूलाई भेटेपछि गाउँको बेहाल सुन्दा म पात्रमा मानसिक आघात पर्दछ । एकातिर बृद्ध बाआमालाई गाउँमा छोड्नु परेको अवस्था छ भने अर्कोतिर विद्रोहीले भेट्यो भने आफ्नो ज्यान नै खतरामा रहेको कुरा म पात्रले मनमा खेलाइरहनु उसमा परेको मानसिक अभिघात हो । म पात्रको मानसिक अभिघातको अर्को उदाहरण यहाँ प्रस्तुत गरिएको छ -

> "...सदरमुकाममा पनि फाट्टफुट्ट मान्छेहरू भोकले आँत सुकेर मर्न थाले । मलाई आफ्नोभन्दा किडी जियाको चिन्ता थियो, उनका सपना पूरा नहुँदै किडी जियाको प्राण नजाओस् भन्ने भित्री चाहना । ... अब मेरो कोठामा अन्नका नाममा कोदाको एक गेडा पनि बाँकी बचेको थिएन । हामी अब भोकभोकै मर्नुपर्ने सन्तापले पिल्सिन थालेका थियौं ।" (शाह, २०७१, पृ. १३४)

आफ्नो गाउँ छोडेर सदरमुकाममा बस्न विवश म पात्र लगायत सदरमुकाममा बस्नेहरू भोकमरीले ग्रसित छन् । भोकमरीकै कारण कतिपय मान्छेहरू मरेको सुन्दा म पात्रलाई मानसिक आघात परेको छ । उनलाई आफ्नो चिन्ता त छँदै छ किडी जियाको चिन्ता त्यो भन्दा बढी छ । किडी जियाका सपना पुरा नहुँदै उनको ज्यानमा तलमाथि नहोस् भन्ने मानसिक अभिघात म पात्रमा परेको छ । तलको साक्ष्यलाई पनि म पात्रको अभिघातका रूपमा प्रस्तुत गरिएको छ -

> "एक दिन अकस्मात् किडी जिया हराइन् । .....मैले सिमीकोटका घर, गोठ, पसल, खेत, बारी, वन, पाखा, खोल्साखोल्सी सबैतिर भ्याइनभ्याई हेरें; तर कतै थिइनन् किडी जिया । मेरै कोठाबाट उनी हराएकोमा म अपराधबोधले ग्रसित थिएँ ।" (शाह, २०७१, पृ. १३४)

आफ्नो सहारामा बसेकी किडी जिया द्वन्द्वका कारण गाउँबाट विस्थापित बनेकी, छोरो हराएको र भोकमरीका कारण विक्षिप्त बन्दै राज्यबाट प्राण धान्न चामल समेत नपाएको अवस्थामा एकाएक हराएपछि म पात्रमा मानसिक अभिघात पर्दछ । आफ्नै कोठाबाट किडी जिया हराएपछि भोलि ममाथि केकस्ता समस्या आइलाग्ने हुन भन्ने चिन्ताले पिरोलिनु म पात्रमा परेको मानसिक अभिघात हो । किडी जिया हराएपछि म पात्रमा परेको अभिघात तलका सन्दर्भबाट प्रस्तुत गरिएको छ -

> "......चारपाँच जना युवाहरू, जो सिमीकोटमुनि बगिरहेको कर्नाली नदीमा बल्छी खेलेर माछा मारी फर्केका थिए, तिनीहरूले मलाई हतारिँदै सुनाए, "काका किडी जियाले त कर्नालीमा फाल हालिन् !"

"......म टाउको समाल्दै भुइँमा थचक्क बसेँ । खबर आकस्मिक र अकल्पनीय भएकाले मलाई कुनै सुद्दी आइरहेको थिएन । म डाँको छोडी रुन पनि सकिरहेको थिइनँ । केही छिनपछि आफूलाई सम्हाल्दै म कर्नाली नदीतर्फ दौडिएँ ।"

"......कर्नालीको किनारमा उभिएर मैले जोडले डाँको हालेँ, "किडी जिया....!" मेरो आवाज डाँडाहरूमा प्रतिध्वनित हुँदै टाढासम्म गुन्जियो । म कर्नाली नदीको नीलो सतहमाथि किडी जियाको मृत शरीर खोजिरहेको थिएँ । अचानक मैले देखेँ, म उभिएको स्थानभन्दा अलि पर कर्नाली नदीको पल्लो किनारानजिक किडी जियाको मृत शरीर आफ्ना सम्पूर्ण दुःखहरूको भारी धरतीमा बिसाउँदै हलुङ्गो पिण्ड बनेर पानीमाथि तैरिरहेको थियो ।" (शाह, २०७१, पृ. १२८-१२९)

उपर्युक्त उदाहरणहरूले म पात्रमा परेको मानसिक अभिघातलाई छर्लङ्ग पारेका छन् । गाउँबाट विस्थापित भएर सदरमुकाममा बसेकी किडी जिया अनेकौं मानसिक आघातकै कारण कर्णालीमा हाम फाल्न विवश भएको प्रसङ्ग एकातिर छ भने अर्कोतिर किडी जियालाई पीडा माथि पीडा थपिँदै जाँदा म पात्रमा मानसिक आघात परेको छ । आफूले बूढा बाआमालाई गाउँमा छोडी विस्थापित हुनुपरेको, विद्रोहीले भेटेमा मार्न सक्ने र भोकमरीमा आफूसँगै किडी जियाको समेत प्राण बचाउनु पर्ने मानसिक पीडा बेहोर्दै आएको म पात्र किडी जियाले कर्णालीमा हाम फालेपछि झन मानसिक अभिघात बेहोर्न पुगेको छ ।

### नरमानमा अभिघात अध्ययन

*किडी जियाले कर्नालीमा फाल हालिन्* कथामा नरमान किडी जियाको छोरा हो । आमासँगै गाउँबाट विस्थापित बनेको चौधपन्ध्र बर्षको किशोर हो । नरमानले पनि द्वन्द्वका कारण मानसिक अभिघात व्यहोरेको छ । तलका प्रसङ्गबाट नरमानको मानसिक अभिघातलाई अध्ययन गरिएको छ :

"आफ्नी जियालाई रोएको देखेर पछिल्तिर उभिएको चौधपन्ध्र बर्षको नरमान पनि कमिजको बाहुलाले आँसु पुछ्न थालेको थियो ।" (शाह, २०७१, पृ. १२७)

आफ्नो गाउँ छोडेर विस्थापित भएकी आमा (जिया) सँगै सदरमुकाम पुगेको नरमान आमालाई रोएको देख्दा विगलित बनेको छ । उसमा पनि विस्थापनको चोट परेको छ । द्वन्द्वका कारण आमा र आफू विस्थापित हुनु परेको घटना राम्रोसँग बोध गरेको र ती घटनाले उसमा मानसिक आघात परेका कारण ऊ रुन पुगेको हो । नरमानको मानसिक अभिघातको अर्को उदाहरण यहाँ प्रस्तुत गरिएको छ -

"मैले एक साँझ किडी जियाको छोरो नरमानलाई रक्सीले मातेर गल्लीमा लडिरहेको भेट्टाएँ । .......किडी जियाले रुँदै विस्थापित भएर बस्नुपरेको पिरले छोराले रक्सी खान थालेको, आफूले भनेको कुरा नटेर्ने गरेको र यस शोकले आफू अब मर्न मात्र बाँकी रहेको कुरा बताइन् ।" (शाह, २०७१, पृ. १३१)

गाउँबाट विस्थापित भई आमासँगै सदरमुकाममा बसेको नरमान मानसिक रूपले पीडित हुन्छ । त्यही मानसिक पीडाका कारण ऊ रक्सीको नसामा मात्न थालेको र आमाले भनेको पनि नटेर्ने भएको छ । नरमानमा देखिएको यो परिवर्तन मानसिक अभिघात हो । मानसिक अभिघातलाई बेहोर्न नसक्दा नरमानमा परेको प्रभाव तलको साक्ष्यबाट प्रस्तुत गरिएको छ -

"....एकदिन आफ्नी जियालाई बिछ्यौनामै छोडेर नरमान सिमीकोटबाट पलायन भयो । गाउँबाट विस्थापित हुनेहरूको हुलसँगै मिसिएर ऊ पनि दक्षिणतर्फ लाग्यो ।" (शाह, २०७१, पृ. १३१)

सशस्त्र युद्धका कारण युवाहरू गाउँमा बस्न नसकेपछि कोही सदरमुकाममा आश्रय लिई बस्न पुगेका र कोही विदेशिन बाध्य भएको सन्दर्भ कथामा प्रस्तुत भएको छ । यसैक्रममा केही समय सदरमुकाममा आमासँगै बसेको नरमान विस्थापनको पीडाका कारण रक्सीको नसामा मात्न थालेको र मानसिक अभिघातकै कारण ऊ सदरमुकाम छोडी भारततिर लाग्न पुगेको छ । आफ्नो गाउँ, सदरमुकाम र राज्यमा ज्यान जोगाउन समस्या भएको, छाक टार्न मुस्किल भएकाले देश छोडेर विदेशिनु परेको प्रसङ्ग नरमानमा परेको मानसिक अभिघातकै उपज हो ।

## निष्कर्ष

*किडी जियाले कर्नालीमा फाल हालिन्* कथा मूलत: दशवर्षे युद्धले प्रताडित नेपाली समाज र ग्रामीण परिवेशलाई विषय बनाएर लेखिएको कथा हो । द्वन्द्वको मारमा गाउँमा बस्न नसकिने तत्कालीन परिवेश र घरबार छोडेर गाउँदेखि भाग्नुपर्ने, भारततिर लाग्नुपर्ने र सदरमुकाममा लुकेर बस्नुपर्ने अवस्थाको चित्रण यस कथामा गरिएको छ । सशस्त्र द्वन्द्वका कारण अभिघातग्रस्त पात्रहरू मानसिक रूपमा अभिघातित भई आफ्नो थातथलो छोडी सदरमुकाममा लुकेर बस्नु परेको, भोकमरीले प्राण धान्न समस्या भएको, राज्यले आफ्नो पीडा सम्बोधन गर्न नसकेको, द्वन्द्वकै पीडाले नरमानले रक्सी सेवन गर्न थालेको र यही पीडाले ऊ विदेशिएको, मानसिक आघात थेग्न नसकी कथाकी मुख्य पात्र किडी जियाले कर्नालीमा फाल हालेको सन्दर्भ कथामा व्यक्त गरिएका छन् । द्वन्द्वकालीन नेपाली परिवेश झल्काउने सन्दर्भलाई कथाको मुख्य विषय बनाई किडी जियालाई एक प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गरिएको छ । द्वन्द्वका कारण कैयौं नेपालीले मानसिक आघात बेहोरेको अवस्था किडी जिया, म पात्र र नरमानका माध्यमबाट कथामा प्रस्तुत गरिएको छ । समग्रमा यस कथामा अभिघात सिद्धान्तका आधारमा पात्रहरू अभिघातित भएका छन् ।

## सन्दर्भसामग्री सूची

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

क्षेत्री, ज्ञानबहादुर (२०७७). *साहित्यमा अभिघात सिद्धान्त र लीलबहादुर क्षेत्रीको ब्रह्मपुत्रको छेउछाउ.* साहित्यपोष्ट https://sahityapost.com/prabash/sub-prabash/11322/

नेपाल प्रज्ञा प्रतिष्ठान (२०५५). *नेपाली बृहत् शब्दकोश* (चौथो संस्करण). नेपाल प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, घनश्याम (२०७६). *अभिघात सिद्धान्तको आधिकारिक ग्रन्थ (समीक्षा).* मातृभूमि न्यूज https://matribhuminews.com/2019/07/11/15340/

पोखेल, लालमणि (सन् २०१५). *शिरीषको फूलमा अभिघात.* समकालीन साहित्य. https://www.samakalinsahitya.com/sahitya/details/5074

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* क्वेस्ट पब्लिकेसन ।

शाह, महेशविक्रम (२०७१). *छापामारको छोरो.* फाइनप्रिन्ट बुक्स ।

सुवेदी, राजेन्द्र (२०७६). अभिघात सिद्धान्त. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित *रत्न बृहत् नेपाली समालोचना* (पृ. १४१-१५३).रत्न पुस्तक भण्डार ।